प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्(CTEVT)

# कोशी प्रदेश कार्यालय

ईटहरी,सुनसरी,नेपाल।

## डिप्लोमा तथा प्रमाणपत्र तहको पूर्ण शुल्कीय तर्फको नर्सिङ(Nursing) कार्यक्रमका योग्यताक्रम अनुसार नतिजा प्रकाशन सम्बन्धी सूचना ।

**(प्रकाशित मिति २०८२/०५/१०)**

प्राविधिक शिक्षा तथा व्यवसायिक तालीम परिषद्, परीक्षा नियन्त्रण कार्यालय, सानोठिमी, भक्तपुरबाट मिति २०८२/०४/०५ मा प्रकाशित सुचना अनुसार शैक्षिक शत्र २०८२/०८३ का लागि यस प्रदेश अन्तर्गत रहेका शिक्षालयहरुमा डिप्लोमा तथा प्रमाणपत्र तहका पूर्ण शुल्कीय तर्फका स्वास्थ्य **Nursing** कार्यक्रममा अध्ययनका लागि अनलाईन मार्फत प्राप्त आवेदनहरु रुजु गरी "प्रि-डिप्लोमा र डिप्लोमा तथा प्रमाणपत्र तहमा प्रशिक्षार्थी छनौट छात्रवृत्ति वितरण तथा भर्ना सम्बन्धी निर्देशिका, २०८२" बमोजिम मुख्य उम्मेद्वार तथा वैकल्पीक उम्मेद्वार सहितको योग्यताक्रम सूची र रद्द गरिएका आवेदकहरुको सूची सहित नतिजा प्रकाशन गरीएको व्यहोरा मिति २०८२/०५/१० गतेको निर्णयअनुसार सम्वन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

मुख्य उम्मेद्वारको रुपमा छनौट भई भर्नाका लगि सिफारिश भएका उम्मेद्वारहरु मिति २०८२/०५/२० गते कार्यालय समय भित्रमा आफ्नो Application Acceptance Card, योग्यताक्रमको प्रति, शैक्षिक योग्यताको प्रमाणपत्र, नागरिकता वा जन्मदर्ता प्रमाणपत्र, छनौट भएको लक्षित वर्गको सक्कल प्रमाणपत्र, पासपोर्ट साईजको फोटो सहित तोकिएको शिक्षालयमा भर्ना हुन जानुहुन जानकारी गराईन्छ । साथै सम्बन्धित शिक्षालयले यसै सूचनालाई आधार मानी भर्ना सम्बन्धी निर्देशिका र सूचनामा उल्लेख भए बमोजिम उम्मेद्वारहरुले पेश गरेका सक्कल प्रमाणपत्र र कागजातहरु शिक्षालयका प्राचार्यले रुजु गरि भर्ना गर्नु गराउनु हुन अनुरोध छ ।

**निर्देशक**

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्
कोशी प्रदेश कार्यालय
इटहरी, सुनसरी